म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २ मंगलबार १६ साउन २०८० ने. सं. ११४३ अनलागा 1 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालिका बलात्कार गरी हत्या गर्ने राई २० बर्षपछि पक्राउ

हेटौंडा, १५ साउन/पाँच बर्षीया नाबालिका बलात्कार गरी ढुङ्गाले किचेर हत्या गर्ने मकवानपुरका एक व्यक्तिलाई प्रहरीले २० बर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका वडा नं. ११ सिमलटार बस्ने ४५ बर्षीय सोमबहादुर राई रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको समन्वयमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाबाट खटिएको टोलीले राईलाई श्रावण १३ गते शनिबार ललितपुरको गोदावरी नगरपालिका वडा नं.१४ बाट पक्राउ गरिएको बागमती प्रदेश प्रहरी प्रवक्ता एवं प्रहरीबरिष्ठउपरीक्षक दिपेश रेग्मीले जानकारी दिए । उनका अनुसार राईले विंसं.२०६० असोज १८ गते हेटौंडा उपमहानगरपालिका वडा नं.१० स्थित राप्ती खोलामा बलत्कार गरी ढुङ्गाले किचेर हत्या गरेका थिए । त्यसको भोलिपल्ट नाबालिका मृतअवस्थामा फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो । राईलाई जिल्ला अदालत मकवापनुरबाट ६ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रवक्ता रेग्मीले बताए ।

# सडक अतिक्रमित संरचना हटाउने म्याद सकियो, अब के हुन्छ ?

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ सडक डिभिजन हेटौंडाद्वारा जारी हेटौंडाको रातोमाटेदेखि राप्तिपुल सम्मको राजमार्ग क्षेत्रका अतिक्रमित संरचना हटाउने सूचनाको म्याद सकिएको छ ।

हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजनाअनुरुप जारी ३५ दिने सूचनाको समय सीमा १५ साउन मध्यरातबाट सकिएको हो । तर, आज मंगलबार १६ साउनबाट सडक विस्तार सुरु हुने भनिए पनि राजमार्ग क्षेत्रका घर धनीहरुले सर्वोच्च अदालतमा दायर गरेको रिटको छलफलका कारण तत्काललाई रोकिने भएको छ । सर्वोच्च अदालते यसअघि छलफल गर्नुपर्ने देखिएको भन्दै १६ गतेसम्म संरचनामा कुनै क्षति नपुऱ्याउन अल्पकालीन आदेश दिएको थियो । हेटौंडामा यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लिए पनि सडक फराकिलो भने हुन सकेको छैन ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेसँगै राजमार्ग क्षेत्र विस्तारको क्रममा भत्किने घरटहराहरुको मुआब्जा माग्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको छ । सडक डिभिजन कार्यालय हेटौंडाले साउन १६ गतेबाट सुरु गर्ने भनेको सडक विस्तार कार्य तत्काल नहुने जनाएको छ । घर धनीले सर्वोच्च अदालतबाट अल्पकालीन आदेश लिएका कारण छलफलपछि सर्वोच्च अदालतबाट आउने निर्णयलाई कुरेको सडक डिभिजन प्रमुख इन्जिनियर राजेश यादवले बताए ।

'हामीले सर्वोच्च अदालतको आदेश अनुसार सडक विस्तार गर्ने सम्पूर्ण तयारी गरेका थियौं । तर, सर्वोच्च अदालतले फेरि छलफलमा बोलाएपछि काम तत्काललाई रोक्न परेको हो ।', यादवले भने, 'आज छलफलमा सर्वोच्चले अगाडि बढ्न आदेश दियो भने त्यसैअनुसार अगाडि बढ्छ सडक बिस्तारमा रोक लगायो भने सर्बोच्चको आदेश त मान्नै पऱ्यो ।', उनले अदालतमा छलफलका लागि आइतबार काठमाडौं पुगेको जनाएका छन् । सडक विस्तारका सम्बन्धमा कानुनी परामर्शसमेत लिइरहेको उनको भनाई छ ।

यादवले २०७८ सालमै सर्वोच्चबाट पूर्ण आदेश आइसकेकाले हालै घरधनीहरुले दायर गरेको रिट छलफलपछि खारेज हुने दाबी पनि गरेका छन् । कानुनले तोकेअनुसारभित्र भत्काउन यसअघि नै आदेश दिइसकेकाले सोही आदेशले निरन्तरता पाउने सम्भावना रहेको यादवले जानकारी दिए । हेटौंडा उपमहानगरपालिका स्रोतकाअनुसार मंगलबार मकवानपुरका सुरक्षा निकाय, सरकारी अधिकारीहरुको बैठक बस्ने जनाइएको छ । सर्वोच्चबाट पछि आदेश आएपनि सडक डिभिजनबाट जारी सूचनालाई आधार मानेर सडक विस्तार हुने जनाइएको छ । डिभिजन प्रमुख यादवले यही सूचना अन्तिम हुने दाबी गर्दै आइरहेका छन् ।

यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपूर्ति दिनुपर्ने भनि उत्प्रेषण आदेश दिएको थियो । अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको हो । २५ गज भन्नाले २२ दशमलव ८६ मिटर फराकिलो हुने डिभिजन प्रमुख यादव बताउँछन् । 'हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक, राप्तीपुलसम्मको सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ ।



यो सडक सीमाभित्र घर-टहरा निर्माण गर्न नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन कुनै प्रकारको स्वीकृतिबिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ ।', सूचनामा भनिएको थियो ।

'सम्मानित सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत यो खण्डको सडक सीमा केन्द्रबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा यो क्षेत्रभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदापनि नहटाएकाले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडकसिमा भित्र पर्ने सम्पूर्ण संरचना हटाउन अनुरोध छ ।', सूचनामा उल्लेख छ । सडक सीमा अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र नहटाएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार सडक डिभिजन कार्यालयले नै भत्काउने र सो बापतको लाग्ने खर्च सम्बन्धित घरधनीबाटै असुलउपर गर्ने सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ ।

### प्रधानमन्त्रीले समय दिएनन्, मन्त्रीले जवाफ दिएनन्

हेटौंडा उपमहानगरपालिकाको बजार क्षेत्रमा पर्ने सडक विस्तारको विषय लिएर गएका घर धनी र व्यवसायीका नेताहरुलाई संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले कुनै जवाफ दिएनन् ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत् हेटौंडाको राप्तीपुलदेखि पथलैयासम्मको सडक दायाँबायाँ २५-२५ मिटर सडक विस्तार कार्य आज १६ साउनबास सुरु हुने भएपछि घरधनी र व्यवसायीका नेताहरु काठमाडौंस्थित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भौतिकमन्त्री प्रकाश ज्वाला भेट्न पुगेका थिए । मकवानपुरका सांसदहरु महेशकुमार बर्तौला, दीपक सिंह, विन्दाबासिनी कंसाकार, राष्ट्रियसभा सदस्य रामचन्द्र राई, मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्षहरु भुवनलाल श्रेष्ठ, कृष्ण कटुवाललगायत उपस्थितिको छलफलमा मन्त्री ज्वालाले ठोस जवाफ नदिएको जनाइएको छ । मन्त्री ज्वालाले हेटौंडाको सडक विस्तारका सम्बन्धमा आफूलाई कम जानकारी भएको र सचिवलाई बढी जानकारी भएको भन्दै थप छलफल गर्ने बताएका थिए ।

मन्त्री ज्वालाले सडक विस्तार हुनुपर्छ वा हुनुहुँदैन तथा मुआब्जा र क्षतिपूर्तिको विषयमा कुनै ठोस जवाफ नदिएको छलफलमा सहभागी एकजनाले जानकारी दिए । भेटघाटको क्रममा व्यवसायीले क्षतिपूर्ति र मुआब्जाको विषयमा कुरा गरेपनि उनले ठोस जवाफ भने नदिएको छलफलमा सहभागीले बताए । उनले आफू सडक विस्तारको पक्षमा रहेको भन्दै आलटाल जवाफ दिएका थिए । उनले सडक विस्तारको कामबाट पछाडि नहट्ने संकेत गरेको सहभागीले बताएका छन् । घरधनी र व्यवसायीले प्रधानमन्त्री प्रचण्डलाई भेट्न खोजेपनि समय नपाएको जनाइएको छ ।

सडक डिभिजन कार्यालय मकवानपुरले जारी गरेको सूचना १५ साउन मध्यरातबाट सकिएको छ । कार्यालयले सडक विस्तारको तयारी अन्तिम चरणमा पुगेको सडकको सीमांकन गरेको स्थान खाली गर्न सूचना र माइकिङ दुवै गरि सकेको छ । हेटौंडा बजार क्षेत्रका व्यवसायीको उचित व्यवस्थापन र घरधनीलाई क्षतिपूर्ति र मुआब्जाको माग राख्दै आन्दोलन समेत भइरहेको छ ।

Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको (**2080 Batch**) लागि प्र**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435




नोट : यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा संचालन गरिएको सहर्ष जानकारी गराइन्छ ।



Studying Science offers a vast range of career paths, from research and development to medicine and engineering.

Study +2

SCIENCE

BIOLOGY AND COMPUTER SCIENCE

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

For inquiry: 9855074222

ENROLL NOW

Hetauda-4, Makawanpur info@hsm.edu.np www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# पर्यटनमा उत्साह बढाऔं

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७४ साउन २९ को निर्णयानुसार नेपाल भ्रमण वर्ष २०२० मनाउने घोषणा भयो । आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रमको भ्रमण वर्षमा बीस लाख पर्यटक भित्र्याउने गरी विशेष कार्यक्रमका रुपमा यसलाई अवलम्बन गरियो । नेपाल भ्रमण वर्षलाई प्रभावकारीरुपमा अगाडि बढाएर सन् २०२० मा २० लाख पर्यटक भित्र्याउन बागमती प्रदेश सरकारले योजना तर्जुमा गरी कार्यान्वयन अगाडि बढायो । प्रदेश सरकारले दामन-कुलेखानी क्षेत्र तथा यस आसपासका क्षेत्रको विकास तथा विस्तार, सैलुङ क्षेत्र तथा यसको आसपास क्षेत्रको विकास, गोञ्जलो पास सञ्चालन, १० वटा हिलस्टेशन विकास कार्यक्रम, जुगल हिमाल आरोहण तथा हिमाली पदमार्ग सञ्चालनलाई प्राथमिकतामा राखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा जाने निर्णय गऱ्यो । तर, कोभिड-१९ महामारीबाट सबै योजना स्थगित हुनपुग्यो ।

कोभिड-१९ महामारीको प्रकोप सामान्य बन्दै गएको अवस्था छ । कोभिड-१९ को महामारी सुरु हुनुपूर्व नेपालका धेरै स्थानमा होटल तथा होम स्टेहरुमा लगानी सुरु भएको थियो तर, निर्माण सम्पन्न नहुँदै कोभिड-१९ महामारीले निर्माण कार्य अलपत्र भयो । कोभिड-१९ महामारी पछि बिश्वब्यापी आर्थिक मन्दीले पर्यटन ब्यवसायमा ठूलो नोक्सानी भयो । तर, अहिले पर्यटन ब्यवसाय केही चलायमान बन्दैछ । विश्वसम्पदा सूचीमा सूचीकृत विश्वभर ६ सय ३० वटा सम्पदामध्ये नेपालमा १० वटा सम्पदा छन् । नेपालमा भएका १० वटा सम्पदामध्ये ८ वटा सम्पदा बागमती प्रदेशमा पर्दछन् । साहसिक पर्यटनमा त्रिशुली, सुनकोशी र भोटेकोशी नदीमा ऱ्याफ्टिङ, भोटेकोशी र त्रिशुली नदीमा कायाकिङ, चितवनको जलवीरे, काठमाडौंको सुन्दरीजल, ककनी, भुलकुती, सुनकोशी र भोटेकोशीमा क्यान्योनिङ, चितवन राष्ट्रिय निकुञ्ज र शिवपुरी राष्ट्रिय निकुञ्जमा जंगल सफारी, भोटेकोशीमा बञ्जीजम्पिङ, काठमाडौं र नगरकोट क्षेत्रमा माउन्टेनबाइक टुर्स, लाङ्टाङ, गणेश हिमाल तथा रोल्वालिङ क्षेत्रमा पर्वतारोहण र नगरकोट, लाकुरीभञ्ज्याङ, शिवपुरी, हेटौंडा र धुलिखेल, दामन तथा चित्लाङ क्षेत्र प्याराग्लाडिङका निम्ति उपयुक्त क्षेत्रहरु यस प्रदेशमा छन् । लाङ्टाङ उपत्यका पदमार्ग, लाङ्टाङ गोसाईंकुण्ड पदमार्ग, कालीञ्चोक पदमार्ग, लाङ्टाङ-हेलम्बु पदमार्ग, गणेश हिमाल पदमार्ग, नगरकोट हेलम्बु-उपत्यका पदमार्ग, काठमाडौं भ्याली पदमार्ग, लाङ्टाङ जुगल हिमाल पदमार्ग जस्ता मनोरम लामा छोटा पदमार्ग छन् । बागमती प्रदेश नेपालको सबभन्दा बढी पर्यटकीय सुबिधा भएको प्रदेश हो ।

प्रदेश सरकारले ठूलो रकम विनियोजन गरी पर्यटन विकास आयोजनामार्फत् कार्यान्वयन गरिरहेको छ । मुढे, जिरी, सोम्दाङ, रुविभ्याली, दामन-चित्लाङ-कुलेखानी कम्प्लेक्स, हेलम्बु-पाँचपोखरी, ललितपुरको कालेश्वर, रामेछापको शिवालय, सिन्धुलीगढी-खुर्कोट, चिम्टेश्वर र ककनी गरी १० स्थानलाई हिल स्टेशन घोषणा गरी ती क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गरिएको छ । होमस्टे विकासका लागि हस्पिटालिटी व्यबस्थापन तालिम, नेचर गाइड तथा भरियाको बीमा कार्यक्रम सञ्चालन गर्ने लक्ष थियो । कम्युनिटी लज, जोखिम पदमार्गमा विश्रामघर, पदमार्गमा सोलार जडान, खानेपानीको सुबिधा विकास तथा विस्तार गरिने कार्यक्रम कार्यान्वयन भयो । गौरीशंकर हिमाली पदयात्रा, गणेश हिमाल, जुगल, शैलुङ विकास कार्यक्रम, गोञ्जला पासलाई खुला गरी लाङ्टाङ-गोसाईंकुण्ड तथा तातोपानी र गौरीशंकर- रोल्वालिङसँग लिङ्क गरी पर्यटकीय पदमार्गको विकास सुरु गरियो । हरेक वर्ष नेपालीहरु अर्बौं रुपैयाँ खर्च गरी विदेश घुम्न गइरहेका छन् । पहिला नेपाल घुम्ने वातावरण मिलाउने गरी सरकारले त्यसतर्फ ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १७ गते बुधबार २ अगष्ट २०२३ । प्रतिपदा, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२८, सूर्यास्त ६:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# मुद्दा बिर्सेको कांग्रेस बैठक



✍ सुशिल विके

संसदको सबैभन्दा ठूलो, पुरानो र आफूलाई लोकतान्त्रिक दलका रूपमा दाबी गर्ने कांग्रेसको बैठक दिशाहीन भएर सम्पन्न भएको छ । देश जटिल संकटबाट घेरिएको चुनौतीपूर्ण समयमा सम्पन्न बैठकले समस्या समाधानमा कुनै दिशानिर्देश गर्न सकेन ।

स्थानीय र संघीय तथा प्रदेश निर्वाचनमा टिकट वितरण गर्दा वा गठबन्धन गर्दा, निर्वाचनको समीक्षा गर्न, निर्वाचन अगाडिको गठबन्धन टुटेर एमाले सहितको गठबन्धनबाट प्रचण्ड नेतृत्वमा सरकार बन्दा वा अन्य महत्वपूर्ण निर्णय लिंदा कांग्रेस केन्द्रीय कमिटीको बैठक बसेन । अर्थतन्त्रमा गम्भीर समस्या देखिंदा, अर्थमन्त्रीले करका दर आफूखुसी बदल्दा र सिसी टिभी फुटेज डिलिट गर्दा, भ्रष्टाचारको ग्राफ बढ्दा वा अन्य गम्भीर राजनीतिक र संवैधानिक सवालहरू उठ्दा पनि कांग्रेस बैठक बसेन । यति मात्र हैन विधान अनुसार प्रत्येक दुई महिनामा बस्नुपर्ने बैठक एक वर्ष भन्दा बढी समयमा पनि बसेन । यसले कांग्रेस नेतृत्वमाथि गम्भीर प्रश्न उठ्यो ।

यति सबै हुँदा पनि आफूलाई लोकतान्त्रिक दल भन्न कांग्रेस नेताहरूलाई लाज भने लागेन । चौतर्फी दबाब हुँदा पनि नबसेको बैठक अहिले एकाएक बस्यो र सभापति शेर बहादुर देउवा र उनको गुटलाई प्रफुल्ल बनाएर सम्पन्न भयो । तर, आम नागरिकको आँखामा यो बैठक किन बस्यो र यसले राष्ट्रिय राजनीतिमा प्रभाव छोड्ने के निर्णय गऱ्यो भन्ने विश्लेषण गर्दा खास विषय भेटिंदैन ।

यो बैठकले आजको कांग्रेसको सैद्धान्तिक, वैचारिक अवस्था टाट पल्टेको देखिन्छ, जनताप्रतिको जवाफदेहिता पनि नरहेको देखिन्छ । राष्ट्रका जल्दाबल्दा सवालमा बोल्न आवश्यक नठानेको कांग्रेसको यो बैठक मूलत: तीन विषयमा केन्द्रित र सीमित रह्यो- देउवाको प्रशंसा, खाँणको बचाउ र महामन्त्रीको आलोचना ।

**देउवाको प्रशंसा**

पार्टीलाई बलियो बनाउनका लागि नेतृत्व निर्माण महत्वपूर्ण हुन्छ । नेतृत्व जस्तो हुन्छ, पार्टी संगठन पनि त्यही अनुसार गतिशील र प्रभावकारी हुने हो । यस अर्थमा नेतृत्वको विकास र संरक्षण जति आवश्यक हुन्छ, सँगै खबरदारी र आलोचना पनि आवश्यक हुन्छ । यसलाई सापेक्षतामा हेर्नुपर्नेमा कांग्रेसमा भने नितान्त फरक दृश्य देखियो ।

कांग्रेस बैठकमा अधिकांश केन्द्रीय सदस्यले आफ्नो आलोचनात्मक चेतको प्रयोग गर्न भन्दा पनि नेतृत्वको गुणगान र प्रशंसा गर्दै आफ्नो राजनीतिक दुनो सोझ्याउने काम मात्र गरे । बाहिरबाट हेर्दा देउवालाई प्रशंसा गर्नुपर्ने विषय पनि छन् । तर त्योभन्दा बढी आलोचना गर्नुपर्ने र उनले सुधार गर्नुपर्ने विषय छन् । तर बैठकमा यी विषय उठेनन् ।

आफू अनुकूल सदस्यता वितरण गर्ने, सोही अनुसार महाधिवेशन प्रतिनिधि चयन गर्ने र पार्टी सत्ता कब्जा गर्ने । अनि नेतृत्वमा पुगेपछि निर्वाचनमा आफू अनुकूल मानिसलाई टिकट दिने, जिताउन लाग्ने र उनीहरूको बलमा संसदीय दलको नेता बन्दै राज्यसत्तामा पुग्ने खेलमा देउवा जति माहिर खेलाडी नेपालमा को होला र ? नभए आम रूपमा असफल नेताको परिचय बनाएका देउवा सधैं नेतृत्वमा टिकिरहन कसरी सम्भव हुनेथियो र ? वास्तवमा नेपालको राजनीति र पद्धति पनि यस्तै प्रकृतिको छ ।

पाँच पटक राज्य सत्ताको नेतृत्व गर्दा र दुईपटक पार्टी सत्ताको नेतृत्व गर्दा देउवाले सम्झनलायक एउटा पनि काम गर्न सकेनन् । राजनीतिक जीवनको उत्तरार्द्धमा राज्य सत्ता र पार्टी सत्तामा उनको बिम्ब असफल नेताका रूपमा चर्चा परिचर्चा भइरहेको छ । देशमा पजेरो काण्ड, सांसद खरिद-बिक्रीको अभ्यास सुरु गरेको, प्रजातन्त्रलाई दरबारमा बुझाएर संसद विघटन गरेको, कांग्रेस पार्टी फुटाएको, भ्रष्टाचारीलाई संरक्षण गरेको, पार्टीलाई नीति, विधि भन्दा पनि एकलौटी निरंकुश रूपमा चलाएको जस्ता आरोप देउवामाथि लाग्ने गरेका छन् ।

सार्वजनिक कार्यक्रममा आक्रोशित हुँदै प्रस्तुत हुने शैलीका कारण देउवा मात्र नभएर कांग्रेस समेतलाई असर परिरहेको छ । उनले राजनीतिबाट संन्यास लिएर नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने माग पार्टीमा चलिरहँदा फेरि एकपटक देउवाले आफू पार्टीमा बलियो रहेको सन्देश दिएका छन् । उनले नेतृत्वमा आँखा नलगाउन पार्टीभित्रका विपक्षीलाई सन्देश दिने गरी बैठक सम्पन्न गरेका छन् ।

विधान अनुसार बैठक नराखेको, विभाग र अन्य निकाय गठन नगरेको, भ्रातृ संगठनलाई प्रभावहीन बनाएको आरोप देउवालाई चर्को रूपमा लागेको थियो । पछिल्लो पटक नक्कली भुटानी शरणार्थी प्रकरणमा श्रीमती आरजु देउवा राणाको नाम जोडिएको र आफ्ना विश्वासिला नेता बालकृष्ण खाँण हिरासतमा रहेको सन्दर्भमा पार्टीको बैठक राखी यो विषयमा छलफल गर्न माग हुँदै आएको थियो । यस प्रकरणलाई कमजोर पारी आफ्ना मान्छे जोगाउन लागेको भन्दै देउवाले अब पार्टी चलाउन नसक्ने निष्कर्ष सहित उनी इतरका नेताहरू सार्वजनिक बहसमा उत्रिएका थिए ।

यस्तो परिवेशमा बैठक राख्दा चर्को आलोचना हुने ठानी निरन्तर बैठक छल्दै आएका देउवाले पछिल्लो समयमा एकाएक किन र कसरी बैठक राखे भन्ने जिज्ञासा आमरूपमा थियो । बैठकको आयोजनसँगै देउवा आफ्नो आलोचनाको ठाउँमा प्रशंसा हुने नयाँ सूत्र लिएर कांग्रेस बैठकमा झुल्के ।

फेसबुक मार्फत बैठक लाइभ गराएका देउवाले एकाएक कांग्रेसमा मात्र हैन, अन्य नागरिकबाट समेत प्रशंसा पाउन सफल भए भने पार्टीलाई पारदर्शी बनाउने सम्बन्धमा नयाँ बहस पनि सृजना गरे । बैठक समापनमा चर्को आलोचना हुन्छ भन्ठानेको त खास आलोचना भएन भनेर प्रफुल्ल हुँदै बैठक समापन गरे ।

नेपाली कांग्रेसमा के त्यस्तो चिज थियो र कांग्रेसले बैठक लाइभ गराएर सबैलाई देखायो ? कुनै नयाँ सिकाइ र सफलताको कथा थियो ? कुनै राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वको विषयमा बहस थियो ? वा कांग्रेस नेताहरूमा कुनै विलक्षण वाक् कला थियो र आम जनतालाई देखाउनु थियो ? वा लोकप्रियतावादी राजनीति हावी हुँदा देशमा निर्माण भएको एक खालको निराशा र आक्रोशको वातावरणलाई शान्त पार्ने विषयवस्तु ? वा नेपाली जनतालाई उनीहरूको भविष्यप्रति आशा र उत्साह भरी विश्वास दिलाउने खुराक ?

बैठक समापन हुँदा यस्तो केही भेटिएन । लाइभ बैठक पारदर्शीर् र लोकतान्त्रिक अभ्यासका लागि भनिए पनि खासमा देउवाको यो निर्णय पार्टीभित्र हुनुपर्ने जीवन्त क्रिटिकल बहसलाई निस्तेज पार्ने पपुलिस्ट चाल थियो । यसबाट उनी चर्को आलोचनाबाट मात्र जोगिएनन् बरु प्रशंसा पाउन सफल भए ।

त्यति मात्र हैन पार्टीभित्र शक्तिसम्पन्न भएको पनि सन्देश दिए । उनले नबोली नबोली शरणार्थी प्रकरणमा जोडेर प्रश्न उठेका आरजु देउवा, मञ्जु खाँणलाई जोगाउने र बालकृष्ण खाँणलाई निलम्बन गर्न नपर्ने वातावरण बनाए । बैठकको अन्तिममा पार्टीभित्र सबै ठीक छ र देशभित्र सबै ठीक छ भन्ने तहको सन्देश दिन सफल भए । सारमा बैठक उनका लागि फलदायी भयो ।

**खाँणको बचाउ**

नक्कली भुटानी शरणार्थी प्रकरण नेपालको राष्ट्रियता र स्वाभिमानसँग जोडिएको गम्भीर विषय बनेको छ । अनेक किसिमका जालझेल, सेटिङ गरेर नेपाली नागरिकलाई अनागरिक बनाउने अर्थात् भुटानी शरणार्थी बनाउने काम इतिहासमै अत्यन्त लज्जास्पद र विडम्बनापूर्ण बनेको छ । अहिलेसम्म प्राप्त तथ्य र प्रमाणका आधारमा पूर्वमन्त्री रहेका ठूला नेताहरू, बहालवाला सचिवहरू सहित बिचौलियाहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ ।

आरोप लागेसँगै अनुसन्धानमा सहयोग पुऱ्याउन भन्दै एमालेले आफ्ना सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गरिसकेको छ भने कांग्रेसले पनि आफ्ना नेता बालकृष्ण खाँणलाई निलम्बन गर्छ भन्ने धेरैको अपेक्षा थियो । कतिपय कांग्रेस कार्यकर्ता तथा आम नागरिकले समेत खाँणलाई निलम्बन गर्नका लागि दबाब दिए । तर देउवा र उनको समूह खाँणलाई निलम्बन गर्न तयार भएन ।

देशको इज्जत, प्रतिष्ठा, सुशासन र विधिको शासनका लागि अनिवार्य शर्तका रूपमा रहेको र कांग्रेस पार्टीकै भविष्यसँग समेत जोडिएको यस प्रकरणमा सहभागी रहेको भन्दै प्रश्न उठेका आरजु देउवा तथा मञ्जु खाँणलाई अनुसन्धानको दायरामा ल्याउन र बालकृष्ण खाँणलाई निलम्बन गर्न यो केन्द्रीय समितिको बैठक सफल हुने विश्वास गरिएको थियो । तर भयो ठीक उल्टो । खाँणलाई निलम्बन गर्न सिंगो केन्द्रीय कमिटी एकजुट होला भनेको त उनलाई जोगाउन, उनका पक्षमा माहोल बनाउने र उनलाई निलम्बन नगर्न पो एकजुट भयो ।

भ्रष्टाचार आरोपमा जेल परेका विजय गच्छदार, टेकबहादुर गुरुङको उदाहरण दिंदै कुनै पनि कसुरमा आरोपित हुनासाथ निलम्बन गर्ने कांग्रेसको परम्परा नभएको यथास्थितिवादी तर्क राखेर केन्द्रीय सदस्यहरूले निलम्बन गर्नु नपर्ने बताए । उल्टो घरको सदस्य दु:खमा हुँदा बचाउन नसकेको भन्दै नेतृत्वको आलोचना गरे ।

नयाँ युग सुहाउँदो सुशासन, विधि र पद्धतिमा पार्टीलाई डोऱ्याउनुको सट्टा थुनामा रहेका व्यक्तिका पक्षमा वकालत गरे । यसले उनीहरूको सोच, विचार, देश र जनताप्रतिको जवाफदेही, सुशासनप्रतिको प्रतिबद्धतामा प्रश्न उठेको छ । भविष्यमा आफूहरूमाथि पनि यस्तै दु:ख परेमा पार्टीले जोगाउनुपर्ने दलिल उनीहरूले पेश गरे । यस्ता नेता र पार्टीबाट अब नेपाली जनताले के अपेक्षा गर्न सक्छन् ?

**महामन्त्रीद्वयको आलोचना**

कांग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा कांग्रेसमा मात्र नभई सिंगो देशमा आशा जगाउने युवा नेताका रूपमा परिचित छन् । उनीहरू आफ्नै बलबुताले संघर्ष गरेर महामन्त्री भएका पनि हुन् । उनीहरूले कांग्रेसलाई रूपान्तरण गर्ने, विधि र पद्धतिमा हिंडाउने र देशको समुन्नतिका लागि काम गर्ने योजना अगाडि सारेका छन् ।

कांग्रेसलाई अब नयाँ पुस्ताले नेतृत्व गर्नुपर्ने पनि उनीहरूको धारणा छ । तर, केन्द्रीय कमिटीको बैठकमा ती विषयमा छलफल गरेर कांग्रेसले अपनत्व लिनुको सट्टा उल्टै उनीहरूमाथि विभिन्न आरोप लगाएर आलोचना गर्ने र उनीहरूको हुर्मत लिने काम भयो ।

आफूमाथि भएको आलोचना सहन नसकेका र पार्टी सत्तामा भएको आफ्नो वर्चस्व गुमाउन नचाहेका देउवाले रणनीतिक रूपमा महामन्त्रीहरूलाई कमजोर पार्ने र आफ्नो प्रभाव देखाउने लक्ष्यका साथ बैठकलाई लाइभ गर्ने योजना बनाएका थिए । साथै आफ्नो गुटका नेताहरूलाई प्रतिवाद गर्न लगाएका थिए ।

नभन्दै बैठक उनले चाहे जस्तो भयो । पार्टीसत्ता तथा राज्यसत्ताका विभिन्न पदमा पुग्ने लालसा बोकेको स्वार्थी झुण्डहरूले युगको आवाज बोल्ने, परिवर्तन र रूपान्तरणका एजेन्डा बोक्ने भन्दा पनि नेतृत्वको गुणगान गाएर दास मानसिकता प्रदर्शन गरे । पुरानो रुढिवादी पार्टी सत्ताको संरक्षणमा रमाएर न कांग्रेस रूपान्तरण सम्भव छ न देशको समुन्नति ।

देशको राजनीति अस्थिर छ । लोकप्रियतावादको राजनीतिबाट उदाएका नयाँ दलहरू युवाको नेतृत्वमा छन् । यस्तो परिवेशमा ८० वर्ष पुग्न लागेको वृद्ध सभापतिलाई स-सम्मान विदाइ गरेर नयाँ पुस्तालाई नेतृत्वमा स्थापित गराउन सक्दा मात्र नयाँ पार्टीसँग कांग्रेसले प्रतिस्पर्धा गर्न सक्ने हो । तर दास मानसिकताबाट बाहिर आउन नसकेका कांग्रेस केन्द्रीय सदस्यहरूले देउवाको गुणगान गाएर महामन्त्रीहरूको हुर्मत लिए ।

**बेवास्ता गरेका सवाल**

राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशको विस्तृत विश्लेषण सहितको प्रतिवेदन पेश नहुँदा कांग्रेसको संस्थागत धारणा बुझ्न सकिएन । महामन्त्रीले पेश गरेको सांगठनिक कार्ययोजना बाहेक अरू कुनै विषयमा कांग्रेसको ठोस धारणा आएन । खासमा उसले धेरै कुरा बेवास्ता गरेको देखियो । संसदको ठूलो सत्तारुढ दलको बैठक यस्तो दिशाहीन हुनु दु:खद पक्ष हो ।

कांग्रेस बैठक समापन हुँदा देशको अवस्था पनि ठीक छ र पार्टीभित्र पनि सबै ठीक छ भन्ने भाव देखियो । के अवस्था त्यस्तै हो त ? विधान अनुसार चल्ने, आन्तरिक लोकतन्त्रको अभ्यास सहित नेतृत्व हस्तान्तरण गर्ने, निश्चित वर्ग र समुदायको सिन्डिकेट हावी भएको कांग्रेसको नेतृत्वलाई समावेशी बनाउने, युवाहरूलाई नेतृत्वमा पुऱ्याउने र परिवारवादको प्रभाव तोड्ने जस्ता सवाल कांग्रेसमा बहस गर्नै नपर्ने हो र ?

यसैगरी शरणार्थी काण्ड, सुन तस्करी काण्ड, ललितानिवास काण्ड, कोशी सभामुख काण्ड, वैदेशिक पलायन, राजनीतिक अस्थिरता, भूराजनीतिक चलखेल, सुशासन, विकास र समृद्धि, आदि विषयमा कांग्रेसको ठोस धारणा आउनुपर्ने होइन र ?

पुराना दलहरूमा देखिएको मूल्यहीन राजनीति, सत्तास्वार्थ र अकर्मन्यताका कारण लोकप्रियतावादी नयाँ शक्तिको उदय भएको छ र देशमा एक खालको अराजकता र अस्थिरता बढेको छ । चरम राजनीतिकरणको शिकार हुँदा राज्यका अंगहरू कमजोर भएका छन् । संघीयताप्रति वितृष्णा बढ्दो छ । परिवर्तनका मुद्दा उल्टिने खतरा देखिएको छ । सारमा लोकतन्त्र कमजोर हुँदैछ । यस्तो परिवेशमा कांग्रेसको बैठक जे-जसरी चल्यो र सम्पन्न भयो त्यसले कांग्रेसले अब देश र जनताको आशा र अपेक्षा अनुसारका एजेन्डा बोक्न र समग्र देशको नेतृत्व गर्ने सामथर्थ्य गुमाएको सन्देश दिएको छ ।

*(साभार: अनलाइनखबर)*

# इन्जिनियर जनशक्तिमाथि राज्यले गरेको विभेद

✍ रविभूषण झा

नेपालको प्रशासन सञ्चालन गर्ने क्रममा निजामती सेवाको इतिहास धेरै लामो छैन । यद्यपि तत्कालीन राजपरिवारले उच्च तहमा आफ्नै पारिवारिक सदस्य नियुक्त गर्ने र तल्ला तहमा आफूखुसी नियुक्ति गर्ने प्रचलन रहेको देखिन्छ । विसं. २००७ अगाडि पजनी प्रथा र घरथर प्रशासन थियो । त्यतिबेला प्रशासनिक संरचनाका रूपमा खड्ग निशाना (प्रधानमन्त्रीको कार्यालय), मुलुकीखाना (अर्थ मन्त्रालय), मुन्सीखाना (विदेश मन्त्रालय/विभाग), कौसीखाना (खर्च विभाग), कुमारीचोक (लेखा परीक्षण विभाग) को जस्ता नामले सम्बोधन गरिएको पाइन्छ ।

विसं २००७ सालको परिवर्तनपश्चात् बुच कमिसन-२००९ ले कर्मचारी भर्नासम्बन्धी विशेष व्यवस्था गऱ्यो । त्यसपछि प्रशासनिक क्षेत्रका समस्या समाधान गर्न विसं २०१३ टंकप्रसाद आचार्यको अध्यक्षतामा प्रशासनिक पुनर्गठन आयोग गठन भएको देखिन्छ । बीपी कोइराला सरकारको पालामा निजामती सेवालाई अझ व्यवस्थित गर्ने उद्देश्यले विसं. २०१६ मा निजामती सेवा ऐन तथा लोक सेवा आयोगको गठन गरिएको देखिन्छ ।

निरंकुश पञ्चायती शासन व्यवस्थाको अवसानपश्चात २०४६ देखि २०६२ सालसम्म निजामती सेवामा शासन सञ्चालनको स्वरूप तथा सांगठनिक संरचनाबमोजिम समय समयमा यसको आकारमा परिवर्तन, विकेन्द्रीकरणको नीति, सार्वजनिक खर्च व्यवस्थापन र सूचना प्रविधिको उपयोग गर्ने कार्य भएको देखिन्छ । यो समयमा शासकीय सुधारका केही नवीन प्रयास भएका छन् ।

२०२६-६३ को जनआन्दोलनपश्चात देशको शासकीय स्वरूपमा आमूल परिवर्तन भयो । राज्यको पुनर्संरचनासँगै सरकारका हरेक तह र तप्कामा यसको प्रभाव पर्नु स्वाभाविक नै थियो । नेपालको संविधान-२०७२ जारी भएपश्चात देश संघीय लोकतान्त्रिक गणतान्त्रात्मक मुलुकमा परिवर्तन भयो । जस अनुसार तीन तहका सरकार बने । सोही अनुरूप सरकार सञ्चालनका लागि कर्मचारीको नियुक्ति तथा खटन पटनको कार्यविधि तयार गरी सै, प्रदेश र स्थानीय तहमा आवश्यकता र औचित्यअनुसार कर्मचारीको दर बन्दी व्यवस्थापन गरियो ।

संघीयता कार्यान्वयन तथा स्थायित्वका लागि तत्कालीन सरकारले कर्मचारी समायोजन ऐन-२०७५ को व्यवस्था गऱ्यो । केन्द्रीय सरकारको मातहतमा रहेका कर्मचारीलाई सै, प्रदेश र स्थानीय तहमा गरी ३ तहमा समायोजन गर्ने कानुन निर्माण गरियो । तत्कालीन अवस्थामा समायोजन ऐनका विभिन्न विषयमा इन्जिनियरहरूका (प्राविधिक जनशक्तिको) थुप्रै विमतिहरू रहेका थिए ।

त्यसका लागि तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितसँग नेपाल इन्जिनियर्स एसोसिएसनका तर्फबाट पटक पटक भेट गरी समायोजनमा भएका असहमतिहरू बुँदागत रूपमा औंल्याउँदै त्यसको उचित सम्बोधन तथा व्यवस्थापन गर्न अनुरोध गरिएको थियो । फलस्वरूप केही माग सम्बोधन भए भने केही पूरा भएनन् । तीन तहमा कर्मचारी समायोजन भएसँगै पदपूर्ति तथा करार सेवामा सम्बन्धित निकायले कर्मचारी माग गर्दा विशेष गरी इन्जिनियर पदको विज्ञापनमा छैटौँ तह कायम गरी माग गर्ने प्रचलन देखियो । यो प्रचलन अझै कायम छ । छैटौँ तहको समस्या अन्य तहभन्दा बढी नै छ । समायोजनपछि संघीय निजामती सेवामा कार्यरत राजपत्राङ्कित शाखा अधिकृतभन्दा 'अधिकृत छैटौं' एक तह तल हुने गरी निजामती सेवामा मनोवैज्ञानिक विभेद कायम हुने प्रावधान राखेर असमान अभ्यासको थालनी भयो । यो विभेदविरुद्धमा नेपाल इन्जिनियर्स एसोसिएसनले निरन्तर आवाज उठाउँदै आइरहेको छ । सरकारको जुनसुकै तहमा इन्जिनियरको दरबन्दीभित्र विज्ञापन माग गर्दा सुरु सेवा प्रवेशको तह न्यूनतम सातौं कायम हुनुपर्छ भनी विभिन्न निकायमा जोडदार माग उठाउँदै आइरहेको छ । त्यसको परिणाम स्वरूप बागमती प्रदेशले अध्यादेशमार्फत यो विषयलाई सम्बोधन गरिसकेको र कोशी प्रदेश तथा गण्डकी प्रदेशमा इन्जिनियरको सुरु सेवा प्रवेश न्यूनतम सातौं तह कायम गर्ने विषयमा सकारात्मक प्रगति भएको छ ।

संघीय तथा प्रदेश सरकारको आगामी निर्वाचनपछि गठन हुने सरकारले यो विषयमा ध्यान पुऱ्याउने छन् भन्ने हामीले आशा गरेका छौं । बागमती, गण्डकी र कोशी प्रदेशले स्थापित गरेको नजिरलाई अन्य प्रदेशहरूले पनि अनुसरण गरी इन्जिनियरलाई सेवा प्रवेशमा न्यूनतम सातौं तह कायम गरी कर्मचारी भर्ना गर्ने परिपाटीलाई स्थापित गर्नका लागि नेपाल इन्जिनियर्स एसोसिएसन निरन्तर प्रयासमा छ ।

यहाँ भन्नै पर्ने विषय के हो भने, प्राविधिक सेवाका कर्मचारीले आफ्नो क्षेत्रमा गहन ज्ञान हासिल गरेका हुन्छन् । त्यो विज्ञता प्रशासनिक कर्मचारीमा हुँदैन । ऊ आफ्नो क्षेत्रमा गम्भीर अध्ययन, अनुसन्धान, साधना, अभ्यास र प्रयोगका माध्यमबाट निपुण र दक्ष बनेको हुन्छ । अनुसन्धान प्रयोग र प्रमाणको आधारमा आफ्नो विवेकको प्रयोग गरी निर्णय लिन सक्छ ।

प्राविधिकले प्रशासन सेवा जस्तो परम्परागत धारणामा काम गर्ने भन्दा विषयवस्तुको गाम्भीर्यता, महत्त्व र समाज तथा राष्ट्रलाई मिल्ने दीर्घकालीन प्रतिफलका बारेमा राष्ट्रको हित र जनताको सेवालाई केन्द्रमा राखेर काम गर्छ । तसर्थ इन्जिनियरिङ विषय अन्य विषयभन्दा पृथक् विषय भएको हुनाले प्राविधिकहरूलाई उच्च मनोबलका साथ काम गर्ने वातावरणको सिर्जना गर्नु राज्यको प्रमुख दायित्व हो । एउटा चिकित्सक सरकारी सेवामा प्रवेश गर्दा सुरु तह आठौँ कायम हुने कानुनी व्यवस्था छ । त्यस्तै इन्जिनियर प्राविधिक जुन व्यक्ति इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्बाट लाइसेन्स परीक्षा उत्तीर्ण गरेको हुन्छ । उसलाई सरकारी सेवामा काम गर्दा छैटौँ तहमा कायम गर्नु उसले प्राप्त गरेको इन्जिनियर उपाधिको अपमान हो ।

विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग गर्दै मानवीय जनजीवन सहज र सरल बनाउन पूर्वाधार विकासको माध्यमबाट देशलाई समुन्नत बनाउन अहम् भूमिका खेल्ने प्राविधिक जनशक्तिलाई सरकारले उचित स्थान दिएर उनीहरूको भरपुर सदुपयोग गर्नु नै अहिलेको आवश्यकता हो ।

*(साभार: रातोपाटी)*

# थाहामा चिया र कफीको परीक्षण सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/कृषि र पर्यटनलाई नगरको समृद्धिसँग जोडेको थाहा नगरपालिकाले नगरमा चिया तथा कफी खेती गरेर पर्यटक भित्राउने र चिया र कफीको व्यावसायिक खेती गर्न सुरु गरेको छ ।

देशको राजधानी काठमाडौंबाट ६५ किमि र प्रदेश राजधानी हेटौंडाबाट पनि उही दूरीमा रहेको थाहा नगरपालिकाको समुद्री सतहदेखि १९०० मिटरमा अवस्थित छ । समशितोष्ण हावापानी, अधिकतम तापक्रम ३०.३ डिग्री सेन्टिग्रेड र न्यूनतम तापक्रम २ डिग्री सेन्टिग्रेड भन्दा कम हुने थाहानगरमा पर्याप्त मात्रामा जाडो हुने भएकाले चिया र कफी उत्पादन गर्न परीक्षण सुरु गरिएको हो ।

थाहा पर्यटकीय नगर भएकाले नेपाली सिनेमा तथा गीतसंगीत छायंकनका लागि धरैको रोजाईमा छ । अझ नगरमै चियाबगान बनाएर बगान हेर्न ईलाम नै जानुपर्ने बाध्यता थाहामा बन्ने चिया बगानले टार्ने नगरप्रमुख विष्णु विष्टले बताए । थाहानगरमा चियाखेतीको परीक्षण ४ वर्ष पहिले टिस्टुडबाट गरिएको छ । यो क्षेत्रमा धमाधम चियाका बिरुवा रोपी बगान बढाउने काम भइरहेको छ । यो कार्यलाई तीब्रता दिदै थाहा नगरपालिका-३ स्थित दम्की दमारमा रहेको नर्सरीमा चिया तथा कफीको व्यावसायिक खेती सुरु गरेको हो ।

थाहा नगरपालिकामा चिया र कफीको व्यावसायिक खेती गर्न बिरुवा परीक्षणका लागि रोपिएको हो । थाहा-३ कालीबञ्जार सामुदायिक वन उपभोक्ता समितिको मातहतमा रहेको दमारस्थित नर्सरीमा ४०० बिरुवा टक्दा-७८ नामक चियाको विरुवा र १०० बोट कफी परीक्षणका लागि रोपिएको हो । नेपालमै चियाकफीको उत्पादन भए पनि हामीले खाने चिया कम गुणस्तरको मात्र रहेको छ ।

नेपालमा ४ प्रकारको चिया उत्पादन हुँदै आएको छ । तीमध्ये टक्दा-७८ नामक चिया थाहाको हावा पानीसँग मिल्दोजुल्दो भएकाले थाहालाई आर्थिकउपार्जनसँग जोडी र पर्यटन प्रबर्द्धनमा समेत टेवा पुग्ने भएकाले चिया र कफी परीक्षण गरिएको वन समितिका अध्यक्ष कमलकुमार केसीले बताए । मौसमका कारण थाहामा ६ महिना मात्रै तरकारी उत्पादन हुने गर्दछ । बेमौसमी तरकारीको लागि प्रख्यात थाहानगरमा ६ महिना मात्र तरकारी खेती गरिन्छ । खासगरी हिँउदमा चिसोका कारण नगरक्षेत्रका खेतबारी बाँझै रहन्छ ।

तर, चिया भने बहुवर्षीय बाली भएकाले रोपेको ३ वर्षदेखि उत्पादन दिने र ४ वर्ष पुग्दा पूर्णरुपमा बयष्क भई पूर्णउत्पादन हुने भएकाले यो उपयोगी हुने अनुमान छ । चियाको बिरुवा समसितोष्ण हावापानीमा हुने हुँदा थाहामा पनि यस्लाई व्यावसायिक उत्पादनसँग जोड्नसके फाइदा हुने देखेर यसको खेती प्रवर्द्धनमा नगरपालिका लागेको नगरप्रमुख विष्टले बताए । परीक्षणका लागि रोपिएको चियाको बिरुवा वर्षमा २८ देखि ३० पटकसम्म मुना टिप्न मिल्ने समितिका कोषाध्यक्ष पूर्णसिंह पाख्रिन बताउँछन् ।

# ज्यामिरेको दुर्घटनामा घाइते दुवै जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा गएराति भएको दुर्घटनामा परी घाइते भएका दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ ।

मनहरी गाउँपालिका वडा नम्बर ९ ज्यामिरेमा रोकिराखेको ना ५ ख ७४७२ नम्बरको ट्रकमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना ५७ प २३१ नम्बरको मोटरसाइकल ठोक्किएको थियो । दुर्घटनामा परी मोटरसाइकलमा सवार मनहरी-९ का २२ बर्षीय शम्भु गिरी र २१ वर्षीय सुशील गिरी गम्भीर घाइते भएका थिए । उनीहरुलाई उपचारका लागि चितवनस्थित भरतपुर अस्पताल लगिएको थियो ।

उपचारको क्रममा दुई जनाकै मृत्यु भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । घटनापछि स्थानीयले ज्यामिरेस्थित राजमार्ग अवरुद्ध गरेका थिए । प्रहरीले स्थानीयसँगको सहमतिबाट २ घण्टापछि राजमार्गको अवरोध हटाएको थियो ।

राजमार्ग क्षेत्रमा ट्राफिक नियम कार्यान्वयनको अवस्था कमजोर रहँदा दुर्घटना धेरै हुने गरेका छन् । मकवानपुरमा हुने गरेका सवारी दुर्घटनामध्ये धेरै हेटौंडाको राप्तिपुलदेखि मनहरीको लोथरसम्म हुने गरेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !
सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।
कक्षा ११ मा अध्यापन हुने विषयहरु:

→ Science
→ Management
→ Education
→ Humanities

हाम्रा विशेषताहरु:
- दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
- सुविधा सम्पन्न कक्षा कोठाहरुमा Multimedia तथा Projector को माध्यमबाट पठनपाठन गराइने ।
- सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
- वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
- आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।
Admission Open in Class-XI
सम्पर्क:
मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०
https://mmchetauda.edu.np/

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।
अध्यापन हुने विषय/समूहहरु
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)
धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।
साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।
कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।
प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरु: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५९७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

अनुशासनमा कडाई, गुणस्तरीय पढाई
हेटौंडा क्याम्पस
हेटौंडा -४, मकवानपुर, नेपाल
यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्काय तथा विषयहरुमा बिहानी तथा दिवा दुवै समूहमा
भर्ना खुल्यो !
नेपाली र अङ्ग्रेजी दुवै माध्यममा अध्यापन हुने
शिक्षाशास्त्र सङ्कायतर्फ: गणित शिक्षा, नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य शिक्षा, वातावरणीय शिक्षा, बालविकास र सिकाई (CDL)
मानविकी सङ्कायतर्फ: गणित शिक्षा, नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य शिक्षा, ग्रामिण विकास, समाजशास्त्र
व्यवस्थापन सङ्कायतर्फ: गणित, कम्प्युटर विज्ञान, व्यवसायिक अध्ययन, व्यवसायिक गणित, लेखाविधि, अर्थशास्त्र
साथै यसै वर्षदेखि कक्षा ११ मा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षासहित Hotel Management विषयमा पनि अध्यापनको लागि भर्ना खुलेको हुँदा आफ्नो सिट समयमै सुनिश्चित गर्नुहोस ।
भर्ना फाराम धमाधम वितरण भैरहेको छ ।
०५७-५२०१७४, ५२६४३७, ९८५५०६७४४२, ९८५५०७०६३१, ९८५५०७१६९०
विस्तृत जानकारीका लागि

# थाहाको सबै स्वास्थ्यसंस्थामा विद्युतीय सूचना प्रणाली प्रयोगमा ल्याइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मकवानपुरको थाहा नगरपालिका अन्तर्गत रहेको १२ वटै स्वास्थ्यसंस्थाले चालु आर्थिक वर्षबाट विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याउने भएका छन् । प्रणाली संचालनका लागि १२ साउनबाट दिइएको तीनदिने तालिम सकिएको छ ।

पालिकाको आयोजनामा भएको तालिममा ५ स्वास्थ्यचौकी र पालुङ प्राथमिक स्वास्थ्यकेन्द्रबाट २-२ जना, तीन शहरी स्वास्थ्य केन्द्र तथा ३ आधारभूत स्वास्थ्य केन्द्रबाट १-१ जना गरी तालिममा १८ स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो । तालिमका सहभागीलाई तीनदिनसम्म स्वास्थ्य निर्देशनालय बागमती प्रदेशकी विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली संयोजक ललितासिंह ठकुरीले सहजीकरण गरेकी थिइन् ।

यसअघि पालिकाबाट मात्र संचालन हुँदै आएको विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली अब प्रत्येक स्वास्थ्य संस्थाबाट संचालन हुने प्रशिक्षक ठकुरीले बताइन् । चालु आर्थिक वर्षबाट सबै स्वास्थ्यसंस्थाले औषधि तथा उपकरणको विवरण अनलाइन प्रणालीमै प्रविष्ट गर्ने थाहा नगरपालिका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए । 'औषधि चाहिए पालिकालाई स्वास्थ्यसंस्थाले अनलाइन प्रणालीमार्फत नै माग गर्दछन्, पालिकाले पनि अनलाइनबाटै हस्तान्तरण फारम तयार गरी आपूर्ति गर्छौं'-शाखाप्रमुख बलामीले भने । आपूर्तिसम्बन्धी सम्पूर्ण सूचना प्रणालीमार्फत नै हुने बलामीको भनाइ छ ।

कार्यक्रम समापनको अवसरमा सूचना प्रविधिमैत्री हुँदै पालिकाले गर्ने हरेक क्रियाकलापलाई व्यवस्थित गर्दै जाने थाहा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए । सो अवसरमा प्रशिक्षक ठकुरी, बज्रवाराही स्वास्थ्य चौकी प्रमुख जिनु डंगोललगायतले तालिम र प्रणालीको प्रभावकारीताको विषयमा मन्तव्य व्यक्त गरेका थिए । मकवानपुरका अधिकांश स्थानीय तहले पालिकास्तरमा मात्र प्रयोग गर्दै आएको विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली थाहा नगरसहित हेटौंडा उपमहानगर पालिका, भीमफेदी र राक्सिराङ गाउँपालिकाका भने सबै स्वास्थ्य संस्थामा प्रयोग गरिएका छन् ।

# सुन गाल्ने मेसिन सरकारसँग एउटा, तस्करसँग ४ वटा

काठमाडौं/राजस्व अनुसन्धान विभागले २ साउनमा बरामद गरेको तस्करीको १०० किलो बढी सुन गाल्नका लागि नेपाल राष्ट्र बैंकको टक्सार विभागमा बुझाएको छ । उक्त सुन अबको केही दिनमा गाल्न सुरु हुनेछ ।

केन्द्रीय बैंकको विभागमा सुन गाल्नका लागि एउटा मात्रै मेसिन छ । विभागका अधिकारीहरुका अनुसार सो मेसिनले एक पटकमा १० किलो मात्रै सुन गाल्न सक्छ । झण्डै १० वर्षअघि टक्सार विभागले किनेको सो मेसिनले १० किलो सुनसहितको वस्तु गालेर सुन छुट्टयाउन मात्रै २० देखि ३० मिनेट लाग्छ । तर, त्यसमा सुनको गुणस्तर छुट्ट्याउन भने अझै धेरै समय लाग्छ ।

विभागका प्रमुख थानेश्वर आचार्यकाअनुसार टक्सारमा बुझाएको सुन गाल्न करिब १६ पटक २० देखि ३० मिनेटका दरले मात्रै समय लाग्छ । 'धेरै समयअघि किनेको एउटा मात्रै मेसिन छ,' आचार्यले भने, 'थप किन्ने खोजेको हो, तर किन्न सकिएको थिएन । अहिले आएको सुन एक दिनमा गाल्न चाहिं सकिन्छ कि ।'

आचार्यकाअनुसार आफूहरुसँग एउटा मात्रै मेसिनका कारण सुन गाल्न समय लाग्ने भएपछि सुन गाल्नका लागि तस्कर बाट बरामद भएको मेसिन प्रयोग गर्नेबारे राजस्व अनुसन्धान विभागसँग कुरा भइरहेको छ ।

'सुन गाल्न पर्ने छ, सरकारी निकायसँग एउटा मात्रै मेसिन छ,' आचार्यले भने, 'तस्करकै चार वटा त बरामद नै भए । समातिएका मेसिन पनि मगाएर सुन गालौं भनेर राजस्वका महानिर्देशकलाई भनेको छु ।' टक्सार विभागकाअनुसार राजस्वले बरामद गरेको मेसिन राष्ट्र बैंकको भन्दा ठूलो देखिएको छ ।

राजस्व अनुसन्धान विभागले १० गते नयाँ बजारको सोह्रखुट्टेबाट चिनियाँ तस्करको एक गोदाममा छापा मारेको थियो । सो क्रममा ६६ थान सुन झिकिसकिएको अवस्थामा 'ब्रेक शु' र २ थान सुन गाल्ने मेसिन बरामद गरेको थियो । यस्तै, १३ साउनको शनिबार राति टोखामा विभागले गरेको छापामा थप २ वटा मेसिन बरामद भएको थियो । विभागले त्यो मेसिनको क्षमता परीक्षण गरी नसकेको जनाएको छ ।

इन्टरनेटमार्फत अन्तर्राष्ट्रिय बजारमा हेर्दा चिनियाँले प्रयोग गरेको जस्तै मेसिन भारतमा पनि बनेको र बिक्री वितरण भइरहेको पाइएको छ ।

सुन तथा चाँदी मेल्टिङ मेसिनका रुपमा बजारमा पाइने यस्तो मेसिनको मूल्य नेपाली ४ लाख रुपैयाँ बराबर फ्याक्ट्री मूल्य रहेको पाइएको छ । यी मेसिनले एक पटकमा २ देखि ८ किलोसम्म सुन गाल्न सकिने त्यसका बिक्रेताहरुको जनाएका छन् । यदी चिनियाँ मेल्टिङ मेसिनर्लाइ पनि यसै हाराहारी मान्दा चिनियाँ तस्करको गोदामबाट बरामद भएको ४ वटा मेसिनको अनुमानित अधिकतम क्षमता ३२ किलो प्रतिपटक हुने देखिन्छ । यद्यपि ति मेसिनको क्षमता परीक्षण भने बाँकी नै रहेको राजस्व अनुसन्धान विभागले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS H.A.
LAB TECHNICIAN
RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
स्वीकृत सिट संख्या
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट
फारम शुल्क रू.१५००/-
- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# युवा वैज्ञानिक जन्माउदै नारायणी कलेज

साझाकुरा संवाददाता



हेटौंडा, १५ साउन/ नारायणी कलेज तथा तुलसिमेहर मेमोरियल माध्यमिक विद्यालयले काठमाडौंमा भएको साइन्स समिटमा युवा वैज्ञानिक पुरस्कार प्राप्त गरेका विद्यार्थीलाई कक्षा ११ को शैक्षिक सत्रको सुरुवाती अभिमूखीकरण कार्यक्रममा नगद पुरस्कार सहित सम्मान गरेको छ ।


हरेक बर्षझै यसपालि पनि नारायणी कलेजले कक्षा ११ मा अध्ययन गर्न आएका २०० भन्दा बढी विद्यार्थीलाई पाठ्यक्रम, कलेज नियम, कलेजको शैक्षिक उपलब्धि, शैक्षिक क्रियाकलाप आदिको बिषयमा अभिमूखीकरण गरेको छ । नारायणी कलेजका सामाजिक विभाग प्रमुख सन्दिप न्यौपानेद्वारा सञ्चालन गरिएको कार्यक्रममा कलेजका प्राचार्य रघुनाथ खरालको अध्यक्ष्यतामा भएको थियो । कार्यक्रममा एस एजुकेशन नेटवर्कका कार्यकारी निर्देशक दीपक काफ्ले उपस्थित रहेका थिए ।

कलेजले अध्यापन गराउने व्यवस्थापन, विज्ञान संकाय अन्तर्गतका संयोजक तथा अध्यापक उपस्थित कार्यक्रममा कलेजको तर्फबाट बनस्पति विज्ञानकी अध्यापक प्रतिभा बुढाथोकी र कमल नेपालले सहजीकरण गरेका थिए । सम्बन्धित संकायका संयोजकहरु लक्ष्मण पाण्डे, होटल म्यानेजमेन्ट बिषय प्रमुख जयराम कार्कीले विद्यार्थीलाई उत्प्रेरणा प्रदान गरेका थिए । कक्षा १२ व्यवस्थापन संकायकी नृत्यांगना रिया पुनद्वारा गरिएको नृत्यबाट कार्यक्रम भरपुर आनन्द प्रदान गरिएको थियो ।

युवा बैज्ञानिक पुरस्कारद्वारा सम्मानित हुने कक्षा १२ विज्ञान संकायका दुई विद्यार्थी अमुल न्यौपाने र प्रशान्त चिमोरियालाई नगद, प्रमाणपत्र सहित अवार्ड प्रदान गरियो । सन्देश तामाङ र रोमी शाह कक्षा १२ विज्ञान संकायमा अध्ययनरत विद्यार्थीले रिभर्स भेन्डिङ मेसिन निर्माण गरेबापत पुरस्कार प्रदान गरियो । सामाजिक सञ्जाल टिकटक मार्फत कलेजलाई प्रमोशन गर्न सघाउ पुऱ्याएबापत कक्षा १२ व्यवस्थापन संकायमा अध्ययनरत चारजना विद्यार्थी प्राप्ति गौतम, क्रितिशा भोम्जन, अनुपा दोङ, अमृता घिमीरेलाई नगद तथा प्रमाणपत्र सहित सम्मान गरिएको थियो ।

कार्यक्रममा कलेजका प्राचार्य खरालले कार्यक्रममा अभिमूखीकरण, अनुशासनको बिषयमा, उत्प्रेरणा साथै युवा वैज्ञानिक तथा सिर्जनातम रुपमा काम गर्नेलाई प्रसंशा गरे । कक्षा ११ मा आउने विद्यार्थीलाई विज्ञान, व्यवस्थापन तथा अन्य सिर्जनात्मक क्षेत्रमा पढाइका अलावा अवसरहरु सिर्जना गरिने कुरा अवगत गराए । यस्ता अवसर बाट कलेजप्रति अत्यन्तै उत्साहित भएका कुरा युवा वैज्ञानिक अमुल न्यौपाने, प्रशान्त चिमोरिया, सन्देश तामाङ र रोमी शाहले बताए ।

# मधेशमा छैटौं पटक मन्त्रिपरिषद विस्तार



जनकपुरधाम/मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार छैटौं पटक मन्त्रिपरिषद विस्तार गरे ।

नेपाली कांग्रेसबाट मोहम्मद समिम गृह संचार तथा कानुनमन्त्री बन्दा जनमत पार्टीबाट चन्दन सिंहलाई श्रम तथा यातायात मन्त्री नियुक्त गरेका छन् ।

दुबै मन्त्रालय मुख्यमन्त्री यादवले ९ जेठदेखि आफैंसित राखेका थिए । त्यति बेलादेखि जसपाकी सुरिता साह र जनमतका बसन्त कुशवाह विना विभागीय मन्त्री थिए भने जनमतका राज्यमन्त्री सञ्जयकुमार यादव पनि जिम्मेबारी विहीन थिए ।

एक एक मन्त्रालय लिएर सरकारमा सामेल भएको माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र एकीकृत समाजवादी थप एकएक मन्त्रालय पाउनु पर्ने माग राख्दै आएका थिए । तत्कालै भागवण्डा मिलाउँदा आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट प्रभावित हुने जोखिम देखेपछि मुख्यमन्त्री यादव मौन बसे ।

पछिल्लो समय माओवादीका अध्यक्षसमेत रहेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसित भेटेर एउटै मन्त्रालयमा चित्त बुझाउने वातावरण बनाए । माओवादी केन्द्रलाई दिन नपर्ने भएपछि बराबर ९ प्रदेश सांसद रहेको लोसपालाई पनि दिन पर्ने बाध्यता हट्यो ।

यद्यपि दुई विना विभागीय मन्त्री थिए भने कांग्रेसले थप एउटा मन्त्रालय दिने बचन थियो । बारा २ को उपचुनावसँगै सम्बन्ध विग्रिएकाले मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टीले जनमतले सरकार छाडेर जाओस् भन्ने चाहना राखेको थियो । त्यसो भएमा आफ्नो पार्टी जसपाबाट विना विभागीय मन्त्री रहेकी सुरिता साहलाई एक र कांग्रेसलाई अर्को मन्त्रालय दिने मुख्यमन्त्रीको तयारी थियो ।

तर सकभर जनमतलाई मिलाएरै अघि बढ्ने र खोसिएको एउटा मन्त्रालय दिनुपर्ने मत सत्ता गठबन्धनमा भएकाले मुख्यमन्त्रीले मन्त्री नियुक्त गरेको जनमतका एक नेताले बताए ।

सोमबार मन्त्रिपरिषद विस्तार गर्नुअघि जनमतका विना विभागीय मन्त्री कशुवाह र राज्यमन्त्री यादवले राजीनामा दिए । पार्टीले फिर्ता बोलाएपछि दुबैले राजीनामा दिएका हुन् । लगत्तै जनमतले मन्त्रीमा प्रमुख सचेतक चन्दन सिंह र राज्यमन्त्रीमा रञ्जु खंगको नाम पठायो ।

कांग्रेसबाट मोहम्मद समिमको नाम आएपछि दुई मन्त्री नियुक्त भए । दुबैले सोमबार नै पद तथा गोपनीयताको शपथ पनि लिएका छन् । विनाविभागीय मन्त्री रहेकी जसपाकी सुरितालाई मुख्यमन्त्री कार्यालयमै जिम्मेवारी दिइएको छ ।

स्रोतका अनुसार जनमतबाट खंगसँगै लोसपा र एकीकृत समाजवादीबाट एक-एकजना राज्यमन्त्री यसैसाता नियुक्त गर्ने तयारी छ ।

सरकारमा जसपाबाट एक राज्यमन्त्रीबाहेक मुख्यमन्त्रीसहित चार मन्त्री, काँग्रेसबाट तीन मन्त्री, जनमतबाट दुई मन्त्री, माओवादी केन्द्रबाट एक राज्यसहित दुई मन्त्री, लोसपा र एकीकृत समाजवादीबाट एक-एक मन्त्री छन् । मुख्यमन्त्री सरोजकुमार यादवले आवश्यक्ताको आधारमा मन्त्रालयको संख्या थपघट गर्ने बताएका छन् ।

'विना विभागीय मन्त्री सुरितालाई मुख्यमन्त्री कार्यालयमै जिम्मेबारी दिइएको छ । आवश्यक्ताको आधारमापछि मन्त्रालयको संख्या थपघट गर्छौं', मुख्यमन्त्री यादवले भने ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहानगरमा खानेपानीको ६७ किमि पाइप बिछ्याइयो

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मकवानपुरको थाहानगरमा निर्माणाधीन पालुङ वृहत खानेपानी आयोजनाको काम करिब ७० प्रतिशत सकिएको छ । दुईवर्ष भित्र सम्पन्न गर्ने लक्ष्यकासाथ निर्माण भइरहेको आयोजना वडा नम्बर १, २, ३ र ४ मा संचालन भइरहेको छ ।

करिब १ सय किलोमिटर मुख्य पाइपलाइनमध्ये हालसम्म ६७ किमि पाइप विछ्याइ सकिएको छ भने ३३ वटा ट्याङ्की निर्माण गर्ने लक्ष्य रहेकोमा २१ वटा निर्माण भैसकेको छ । थाहा नगरपालिका वडा नम्बर १ मा २१ किमि मुख्य पाइपलाइन विस्तार गरिएको छ । वडा नम्बर १ मा स्किम-१ अन्तर्गत भाटखोलामा ५० हजार लिटर क्षमताको एउटा ट्याङ्की, स्किम-२ अन्तर्गत केदार गोपालीको घरमाथि २० हजार लिटरको, भुटिङ्गल डाँडा, भवानी घरमाथि र सिस्टन्ड डाँडामा ५/५ हजार लिटरको ट्याङ्की निर्माण भएको छ ।



त्यस्तै वडा नम्बर १ कै स्किम-३ अन्तर्गत एफएम डाँडामा १५ हजार लिटरको एउटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्राविधिक प्रकाश पन्तले जानकारी दिए । वडा नम्बर २ मा ६ वटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ भने १४ किमि मुख्य पाइपलाइन विस्तार भएको छ । वडा नम्बर २ मा स्किम-७ अन्तर्गत काफलचौरमा १५ हजार लिटरको ट्याङ्की निर्माण सम्पन्न भएको छ । स्किम-६ अन्तर्गत ल्होत्सेपाखा, भोटखोरिया र ठूलोखोरमा १०/१० हजार लिटरको ३ वटा तथा काइलाबाजेको तगारो र देउराली डाँडामा २०/२० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ३ मा ५ वटा ट्याङ्की तथा १२ किलोमीटर मुख्य पाइपलाइन विस्तार भएको छ । यस वडामा स्किम-१२ अन्तर्गत बाउन्ने चौर, गुफाडाँडा, गोपाली गाउँमा ५०/५० हजार लिटरको ३ वटा, स्किम-८ अन्तर्गत राम्चे खोलामा एउटा र स्किम-१० अन्तर्गत बाहुनगाउँ माझाचौरमा ५०/५० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण भएको छ । वडा नम्बर ४ मा ४ वटा ट्याङ्कीको काम सम्पन्न भएको छ भने २० किलोमीटर पाइपलाइन विस्तार भएको प्राविधिक पन्तले जानकारी दिए । ४ नम्बर वडाका स्किम-१३ अन्तर्गत आइतबारे डाँडा र तुल्सीचौरमा ५०/५० हजार लिटरको दुईवटा, चौडालपाखामा ३० हजार लिटरको एउटा तथा स्किम-१४ अन्तर्गत भूपिनडाँडामा ५० हजार लिटर क्षमतको एउटा ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

त्यसैगरी ४ वटा ट्रिटमेन्ट प्लान्ट निर्माण गर्ने लक्ष्य अनुसार ३ वटाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ । स्किम-१२ अन्तर्गत पर्ने बाउन्नेचौर, स्किम-१३ अन्तर्गतको तुल्सीचौर र स्किम-१४ अन्तर्गतको कारुलखोला ट्रिटमेन्ट प्लान्टको निर्माण कार्य सम्पन्न भएको पन्तले बताए । स्किम-८ अन्तर्गतको राम्चेखोला मुहानको ट्रिटमेन्ट प्लान्ट भने निर्माण शुरु भएको उनले जानकारी दिए ।

प्राविधिक पन्तका अनुसार-वडागत रुपमा हेर्ने हो भने, वडा नम्बर २ को सबैभन्दा बढी काम सम्पन्न भएको छ भने दोस्रोमा वडा नम्बर ४, तेस्रोमा वडा नम्बर १ र सबैभन्दा कम काम भएको वडा ३ नम्बर रहेको छ । यद्यपि तुलनात्मक रुपमा थाहानगरमा खानेपानीको काम द्रुतगतिमा भैरहेको प्राविधिक पन्तको भनाइ छ । निर्माण व्यवसायीको कामको गतिसँगै उपभोक्ताको तर्फबाट पनि संचालन गर्नुपर्ने कार्यलाई क्रमश: अघि बढाउनुपर्ने उनको भनाइ छ ।

# प्रतिष्ठानबाट हेटौंडा अस्पताल अलग्याउन तीन नेताको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताललाई अलग्याएर व्यवस्थित रुपमा संचालनको माग गरिएको छ ।

सत्तापक्षका नेताहरुले मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट हटाएर अलग्गै सञ्चालन गर्नुपर्ने धारणा बनाएका हुन् ।

अस्पताल र प्रतिष्ठानको सेवाप्रवाह लगायतका स्वास्थ्य क्षेत्रमा अध्ययन गर्न गठित टोलीको संयोजकमा रुपमा रहेका नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महत, नेकपा माओवादी केन्द्रका सचिव भीम पाख्रिन, नेकपा एकीकृत समाजवादीका सचिव ध्रुव भुजेल तथा टोलीको विज्ञ सदस्यको रुपमा रहेका हेटौंडा अस्पताल व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष प्रकाश पौडेलले प्रतिष्ठानबाट अस्पताललाई अलग्याएर छुट्टै सञ्चालन गर्नुपर्ने बताएका हुन् ।

बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको कार्यकालमा संशोधन विधेयक प्रदेशसभामा टेबलु गराएर अस्पताललाई प्रतिष्ठानबाट अलग्याउन खोजिएको थियो । तर, नेकपा एमालेको चर्को विरोधपछि प्रतिष्ठानबाट अस्पताल अलग्याउने योजना तत्काललाई ब्रेक लागेको थियो ।

हेटौंडा अस्पतालको स्तरोन्निति हुनुमा प्रतिष्ठान मातहत सञ्चालन भएर हो भन्ने स्थापित गराउन खोजिए पनि सत्ता पक्षकै नेताहरुले पत्रकार सम्मेलन गरेर अस्पताललाई विगतमा जस्तै संघीय मातहत सञ्चालनमा ल्याउनुपर्ने निष्कर्श निकालेका हुन् । अस्पताल हाल प्रतिष्ठान मातहत सञ्चालन भइरहेको छ ।

प्रतिष्ठानको आफ्नै अस्पताल निर्माण नहुँदासम्म हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्न सुझाव दिएको अध्ययन टोलीका संयोजक महतले बताए ।

'संविधानमा गरिएको व्यवस्था अनुसार हेटौंडा अस्पताल जनताका लागि नि:शुल्कलगायतका स्वास्थ्यसेवा उपलब्ध गराउने एकमात्र संस्था भएकाले यसको अस्तित्व र सेवामा आँच आउने कुनै पनि कदम चालिनु हुँदैन ।', पत्रकार सम्मेलनमा कांग्रेस सचिव तथा समिति संयोजक महतले भने । हेटौंडा अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा विकास गर्दै विगतमा नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन गर्दै तीनसय बेडमा स्तरोन्नति गरी दरबन्दी कायम गर्न समेत समितिले माग गरेको छ ।

प्रतिष्ठानको उद्देश्य पूरा गर्न समितिले छिट्टोभन्दा छिट्टो आवश्यक जग्गा उपलब्ध गराउन समेत प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । समितिले मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकास मन्त्री कुमारी मोक्तान र स्वास्थ्य मन्त्री उत्तम जोशीको ध्यानाकर्षण गराउँदै प्रतिष्ठानको सम्पूर्ण क्षमताको अध्यापन नगराउँदासम्म पाँचसय वेडको अस्पताल आवश्यक पर्ने भएकाले सोही क्षमताको अस्पतालको योजना बनाएर तत्काल काम सुरु गर्न अनुरोध गरेको छ ।

समितिले अस्पतालमा देखिएको विकृतिको विरुद्धमा आवाज उठाउँदै सुधारका लागि प्रदेश सरकारलाई सुझाव दिने जानकारी दिएको छ ।

# हेटौंडाको सडक विस्तार नभए आत्मदाहको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ हेटौंडा उपमहानगरको मुख्य बजार क्षेत्रमा पर्ने राष्ट्रिय राजमार्ग विस्तार नभए सामूहिक आत्मदाह गर्ने चेतावनी दिइएको छ । हेटौंडाकी मेयर मीनाकुमारी लामालाई भेटेर १५ दिनदेखि सडक विस्तारको माग गर्दै अनसन बसिरहेको बाबुछोराले आत्मदाहको चेतावनी दिएका हुन् ।

सडक डिभिजनले सर्वोच्च अदालतले २०७८ सालमा एक आदेश जारी गर्दै कानुनत: २५ गजभित्रको अतिक्रमित संरचना हटाउन भनेकाले सूचनाअनुसार सडक भत्किने स्पष्ट धारणा राख्दै आएको छ । यसै सन्दर्भमा हेटौंडा-८ निवासी ७३ वर्षीय मानबहादुर तामाङ र उनका छोरा ३४ वर्षीय राजीव तामाङ १ साउनदेखि सडक डिभिजन कार्यालयको गेटमा सडक विस्तारको माग गर्दै निरन्तर अनसन बसिरहेका छन् ।

सडक डिभिजन हेटौंडाले गत १० असारमा सडक विस्तार सम्बन्धी सूचना प्रकाशित गरेपछि सडक क्षेत्रका घरधनी र व्यवसायी आन्दोलित छन् । सडक डिभिजनको म्याद १५ साउनमा सकिएको छ । सडक क्षेत्रको अतिक्रमित संरचना हटाउने सडक डिभिजनको कदमविरुद्ध घरधनीहरु सर्वोच्च अदालतसम्म पुगेका छन् । सर्वोच्च अदालतले विभिन्न रिटअनुसार १६ साउन र २१ साउनमा छलफलका लागि घरधनीसहित सडक डिभिजन, हेटौंडा उपमहानगरपालिका, भौतिक मन्त्रालयलाई बोलाएको छ ।



उनै तामाङ बाबुछोराले सोमबार मेयर लामालाई हेटौंडाको बजार क्षेत्रको सडक फराकिलो नभए सामूहिक आत्मदाह गर्ने धम्की दिएका हुन् । हेटौंडा बजार क्षेत्रको सडकमा दुर्घटना बढ्दै गएको र बजारको स्वरुप बिग्रिएको भन्दै उनीहरुले सडब बिस्तार रोक्न बाधक नबन्न मेयर लामासमक्ष माग राखेका हुन् ।

एसियन हाईवेको रुपमा रहेको राजमार्ग बिस्तार नहुँदा अन्य जिल्लाको तुलनामा हेटौंडा पछि परेको भन्दै सडक विस्तारले समग्र देशको विकासमा मद्दत गर्ने भएकाले यसलाई रोक्न नहुने तामाङ बाबुछोराको भनाई छ । छोरा राजीवले अनसनमा बस्नुको कुनै स्वार्थ नभएको भन्द हेटौंडालाई सुन्दर बनाउनेतर्फ ध्यान केन्द्रित रहेको सुनाए ।

सडक डिभिजनबाट सडकका अतिक्रमित घरटहरा हटाउन जारी भएको सूचनाको म्याद १५ साउनसम्म अनसन बसिएको र भोलि १६ साउनबाट सडक विस्तारको काम नभए आमरण अनसन बस्ने मेयर लामालाई बुझाएको ध्यानाकर्षणपत्रमा तामाङले चेतावनी दिएका छन् । पत्रमा हेटौंडाको संरचना भत्काउने योजनाबाट सडक डिभिजन पछाडि हटेमा कुनैपनि बेला सामूहिक आत्मदाह गर्ने उल्लेख छ ।

सडक डिभिजनले राजमार्गको हेटौंडा-१५ रातोमाटेदेखि मुख्य बजार क्षेत्र बुद्धचोक हुँदै राप्तीपुलसम्मको दायाँ बायाँ सडक २५/२५ गजभित्र पर्ने अतिक्रमित संरचना हटाउन सूचना प्रकाशित गरेको थियो । एकातिर सडक बिस्तार गर्न आमरण अनसनको तयारीमा छन् भने अर्कोतिर हातमा जग्गाधनी प्रमाणपूर्जा लिएर सडक बिस्तार गर्नुपूर्व मुआब्जाको माग गर्दै आन्दोलनमा छन् । यसप्रकारका घटनाले मध्यबर्खामा पनि हेटौंडाको माहोल तात्तिएको छ ।

# ७ वटा प्राादेशिक अस्पताललाई शव वाहन

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ बिरामी ओसारपसार गर्ने एम्बुलेन्स मात्रै प्रयोग गर्दै आएका बागमती प्रदेशका ७ वटा प्रादेशिक अस्पताललाई शव वाहन उपलब्ध गराइएको छ ।

घटनास्थलबाट शव अस्पतालसम्म ल्याउनका लागि प्रादेशिक अस्पतालमा प्रदेश सरकारले शव वाहन प्रदान गरेको हो । कानुनीरुपले पनि जटिल हुने भएपछि मृत्यु भएकाहरुको शव ल्याउन जुनसुकै सवारीसाधनले मान्दैनन् । जसको प्रत्यक्ष समस्या भोगेका अस्पताललाई अब शव ओसापसारमा सहयोग पुग्ने भएको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाले प्रदेश सरकार मातहतका ७ वटा अस्पताललाई शव वाहन हस्तान्तरण गरेको हो ।



स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले दोलखाको पशुपति चौलागाई अस्पताल, रसुवा अस्पताल, रामेछाप अस्पताल, चितवनको रत्ननगर बकुलर अस्पताल, सिन्धुपाल्चोकको चौतारा अस्पताल, सिन्धुली अस्पताल र नुवाकोटको त्रिशुली अस्पताललाई शववाहन हस्तान्तरण गरेको थियो । सम्बन्धित अस्पताल व्यवस्थापन समिति अध्यक्ष तथा मेडिकल सुपरिटेन्डेन्टलाई बागमतीका स्वास्थ्यमन्त्री उत्तम जोशी र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक बसन्त अधिकारीले चाबी हस्तान्तरण गरेका थिए ।

भन्सार छुटमा खरिद गरिएको ७ वटा शव वाहन टेण्डर मार्फत कुल एक करोड ८ लाख ६५ हजार रुपैयाँ लागतमा गत आर्थिक वर्ष २०७९/८० मा खरिद गरिएको केन्द्रका लेखाअधिकृत राधाकृष्ण श्रेष्ठले जानकारी दिए । कार्यक्रममा बोल्दै मन्त्री जोशीले शव वाहनमा शव ओसार्दा सकेसम्म नि:शुल्क गर्ने र रकम लिनै परेमा थोरै रकममा ओसार्न अस्पताललाई निर्देशन दिए । शव वाहनको शुल्क निर्धारण भने सम्बन्धित अस्पताल व्यवस्थापन समितिको निर्णयबाट हुनेछ । शव वाहनलाई व्यवस्थित रुपमा संचालन गर्न अस्पतालका अध्यक्षलाई मन्त्री जोशीले निर्देशन दिए ।

# वार्षिकोत्सवको अबसरमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ नेपाल विद्युत प्राधिकरणको ३८ औं वार्षिकोत्सवको अवसरमा हेटौंडामा बृक्षरोपण गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयको आयोजनामा नेपाल विद्युत प्राधिकरण भुटनदेवी र हेटौंडा-२, वनस्खण्डीदेवी मन्दिर परिसरमा बृक्षरोपण गरिएको हो ।

कपुर, कल्की, धुपी, निम, अशोक, अमला, म्याङ्गो स्ट्रिड, अम्बा, सरिफा, कागती, बकाइनो, बिभिन्न फूलका विरुवा सहित तीनसय विरुवा बृक्षरोपण गरिएको थियो । नेपाल विद्युत प्राधिकरण बागमती प्रदेशका डिभिजन प्रमुख दिपेन्द्रराज दुवेद्वीले बिरुवा रोपेर बृक्षरोपण कार्यक्रमको उद्घाटन गरेका थिए ।

नेपाल विद्युत प्राधिकरण बागमती प्रदेशका डिभिजन कार्यालयले वार्षिकउत्सवको अवसरमा चेस प्रतियोगिता, टग अफ वार, रक्तदान कार्यक्रम, म्यूजिकल एण्ड चम्चा-गुच्चा दौड, घैंटो फुटाउने र ब्याडमिन्टन प्रतियोगिता गर्न लागेको उनले जानकारी दिए । डिभिजन वन कार्यालय मकवानपुर, डिभिजन वन कार्यालय राप्ती मनहरी र वनस्पती अनुसन्धान केन्द्र मकवानपुरले वृक्षरोपणका लागि विरुवा उपलब्ध गराएका थिए ।

कार्यक्रममा हेटौंडा वितरण केन्द्रका प्रमुख नरेन्द्रवीर श्रेष्ठ, इन्जिनियर राजकुमार श्रेष्ठ, सहायक प्रवन्धक मनोजकुमार झा, पूर्णिमा गोले लगायतको सहभागिता रहेको थियो । बृक्षरोपण कार्यक्रममा प्रदेश डिभिजनका कर्मचारीहरुको पनि सक्रिय सहभागिता रहेको थियो ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**बाख्रा विकास फार्म**
चित्लाङ्ग, मकवानपुर, नेपाल ।

**बोलपत्र/शिलवन्दी दरभाउपत्र स्वीकृतको लागि आशयको सूचना**

*(प्रकाशित मिति: २०८०/४/१६)*

यस कार्यालयको मिति २०८०/३/४ गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं NCB/GDF/Goods/1/2080 बमोजिम पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावकारी देखिन आएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनको लागि यो स्वीकृत गर्ने आशयको सूचना सम्वन्धीत सवै बोलपत्रदाताहरुलाई जानकारिको लागि प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NCB/GDF/Goods/1/2080 | सुद्ध चोकर, बाख्राको मिश्रित दाना, गाईको लागि मिश्रित DDC दाना, B2 plate दाना, ढुवानी गरि आपूर्ति गर्ने | दाजुभाई सप्लायर्स, हेटौंडा उप महानगरपालिका-१६, मकवानपुर | ४३,०९,०००/ (त्रिचालिस लाख नौ हजार मात्र) |

फोन : ९८५५०६९४८४ वेवसाईट : www.gdfchitlang.gov.np ईमेल : chitlanggoat@gmail.com

" गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता "
2080-2081 ADMISSION OPEN
भर्ना खुल्यो ! भर्ना खुल्यो !!
शैक्षिक सत्र २०८०/८१ कालागी निम्न विषयहरुमा कक्षा ११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स | कानुन | व्यवस्थापन | मानविकी
इलेक्ट्रिकल इन्जिनियरीङ (CTEVT ३ वर्षे डिप्लोमा)
साथै यसै शैक्षिक सत्रबाट नयाँ विषय
शिक्षा विज्ञान (Education Science)
यातायातको सुविधा भएको
• विशेषताहरु
* दक्ष एवम् अनुभवी प्राध्यापकहरु,
* पर्याप्त पुस्तकालयको व्यवस्था,
* प्रयोगात्मक कक्षाको व्यवस्था,
* गरीब, जेहेन्दार तथा असहायकालागी छात्रवृत्ति,
* अतिरिक्त क्रियाकलापको व्यवस्था,
* पर्याप्त भौतिक सेवा सुविधा,
➤ भर्ना फारम वितरण भइरहेकोले इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गर्नु होला ।
श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा -१९ बस्तीपुर
सम्पर्क: ९८५५०३०८८७, ९८५५०६७७९९, ९८४५०७१७८८, ९८४५०७१६५८

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !
(उत्तराखण्ड चारधाम)
बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।
**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।
भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-
गोपाल थापा, हेटौंडा बसपार्क
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Golden Opportunity For SEE Graduates To Become Skilled Technical Manpower
शैक्षिक सत्र २०८० को नयाँ भर्ना खुल्यो !
Civil & Geomatics 3-Year Diploma Engineering Course
उत्कृष्ट नतिजाको लागि वंशगोपाल मावि, चौघडा
हेटौंडा बजारबाट ६ किमि पूर्व
कक्षा ११ मा अँग्रेजी र नेपाली माध्यममा विषय समूहहरु : Science Group, Management Group, Education Group, Humanities Group
दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारी सुनिश्चितताका लागि प्राविधिक शिक्षा नै वर्तमानको आवश्यकता
सिभिल र जियोम्याटिक्स ईन्जिनियरिङ्का लागि :
फाराम बुझाउने अन्तिम : २०८०।०४।२२ गतेसम्म
प्रवेश परीक्षा : २०८०।०४।२४ गते विहान ८:०० बजे
सम्पर्क : 9845164997 / 9845029444 / 9845490602
98455988707 / 9845781156
श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
चौघडा, हेटौंडा-६, मकवानपुर, बागमती प्रदेश

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना